अभिभावकहरुको लागि

# राज्यको साझा तथा मूल मापदण्डहरू

सम्बन्धि झोले (ब्याकप्याक) गाइड (मार्गदर्शक)

engage^ny
Our Students. Their Moment.

## अङ्ग्रेजी भाषा कला तथा गणित

उच्च माध्यमिक बिद्यालयको शिक्षा पश्चात सम्पूर्ण बालबालिकाहरुले सफलता पाउन भनी सुनिश्चित गर्न, सन् २०१० सालमा न्यू योर्कको राज्य सञ्चालन समितिले साझा तथा मूल मापदण्डहरु (Common Core State Standards, CCSS) लाई जारी गर्यो। यी मापदण्डहरुले तपाईको बालबालिकालाई कसरी असर गर्छ, तपाईले उनीहरुमा के-कस्ता परिवर्तनहरु देख्न सक्नु हुनेछ र आफ्नो बालबालिका कक्षामा राम्ररी पढ्न सहयोग पुर्याउन तपाईले घरमा के-कस्ता भूमिका खेल्न सक्नुहुन्छ भन्ने कुराहरु तपाईलाई बुझ्न मद्दत पुर्याउछ भन्ने उदेशले यस मार्ग-निर्देशिकलाई (गाइड) तयार गरिएको हो।

### राज्यको साझा तथा मूल मापदण्डहरू किन महत्त्वपूर्ण छ?

बालबालिकाहरुलाई र जोसुकै भएता पनि एउटै किसिमको सीप प्रदान गर्न सहयोग गर्ने भएकोले यो राज्यको साझा तथा मूल मापदण्डहरु महत्वपूर्ण छ। तपाईको बालबालिकाले जान्नुपर्ने र गर्नु पर्ने प्रमुख क्षेत्रहरु जस्तै: **पठन, लेखन, बोल्ने, सुन्ने र भाषा तथा गणित** जस्ता प्रमुख क्षेत्रहरुमा इत्यादि बारे जिज्ञाशा र अपेक्षाहरुको स्पस्ट रुपले सृजना गर्दछ। यदि तपाईलाई यी अपेक्षाहरुबारे के के हुन् भनी अवगत हुनुहुन्छ भने, तब तपाईले शिक्षकसंग सहकार्य गर्न सक्नु हुन्छ र आफ्नो बालबालिकालाई तयार गर्न सहयोग गर्न सक्नुहुनेछ।

## अङ्ग्रेजी भाषा कला (ELA)

वर्तमान मापदण्डहरुमा बिभिन्न महत्वपूर्ण परिवर्तनहरु जारी गरी राज्यको नयाँ साझा तथा मूल मापदण्डहरुलाई प्रकाशित गरिएको हो। यी परिवर्तनहरुलाई शिफ्ट भनिन्छ। तलको तालिकामा यी शिफ्ट अन्तर्गत के कुरामा हेरफेर भएको छ, तपाईंको बच्चाको ब्याकप्याकमा (झोला) तपाईंले के कुरा देख्न सक्नु हुनेछ र तपाईंको बच्चालाई सहयोग गर्न तपाईंले के गर्न सक्नुहुन्छ भन्ने कुराहरू देखाइएको छ। यदि तपाईंको बच्चाको कार्यहरू शिफ्ट अनुरूप देखिएन भने, तपाईंको बच्चाको शिक्षकसँग कुरा गर्नुहोस्।

| के परिवर्तन हुँदैछ? | ब्याकप्याकमा के हेर्नु पर्छ? | तपाईंले के गर्न सक्नुहुन्छ? |
|---|---|---|
| • तपाईको बालबालिकाले अब हरेक ग्रेडमा (कक्षा) **बढी अ-काल्पनिक बिषयवस्तुहरु** पढ्नेछ। | • सत्य जीवनमा आधारित घटनाहरु जस्तै, जीवनीहरु, लेखहरु र ऐतिहासिक कथाहरु आफ्नो बालबालिकाहरुले बढी पठन कार्यहरु पाएको छ भनी हेर्नुहोस् । | • तपाईंको बालबालिकाहरुसंग अ-काल्पनिक पुस्तकहरू पढ्नुहोस्। पठनलाई रमाइलो तथा रोमान्चक बनाउने उपायहरू पत्तालगाउनुहोस्। |
| • बढी मात्रामा अ-काल्पनिक पाठहरू पढ्नाले तपाईंको बालबालिकालाई **पठनको माध्यमबाट संसारलाई** | • तपाईंको बालबालिकाहरूले संसारबारे जानकारी दिने तथ्यमा आधारित धैरै पुस्तकहरू घर ल्याएको हेर्नुहोस्। उदाहरणको लागि, तपाईंको प्रथम कक्षाको वा किन्डरगार्डेनमा पढ्ने विद्यार्थीले क्लाइड रोबर्ट बुला(Clyde Robert Bulla) को *अ ट्री* | • कक्षा वा ग्रेड स्थरलाई उपयुक्त हुने अ-काल्पनिक पुस्तकहरू बारे जानकारी |

| | | |
|---|---|---|
| **<u>जान्न सहयोग गर्नेछ।</u>** | *इज अ प्लान्ट* (*A Tree is a* Plant) पढ्न सक्छ। यो किताबले विद्यार्थीहरूलाई विज्ञानबारे पढ्न र जान्न सहयोग गर्नेछ। | राख्नुहोस् र त्यस्ता पुस्तकहरु तपाईंको बालबालिकाले पढ्न पाउन् भनी सुनिश्चित गर्नुहोस्। |
| • तपाईंको बालबालिकाहरूले **<u>चुनौती पूर्ण पाठहरू निकै गहिरिएर पढ्ने छन्</u>**, ताकि उनीहरूले पढेको कुरा बुझेर आफ्नै निष्कर्ष निकाल्न सक्छन्। | • तपाईंको बालबालिकाहरुले कुनै कथा वा पुस्तकको मुख्य अंशहरूबारे आफूले भन्नु वा लेख्नु पर्ने पठन तथा लेखन कार्यहरू गर्नेछन्। उदाहरणको लागि, तपाईंको दोस्रो वा तेस्रो कक्षाको विद्यार्थीलाई फेथ डि'अलुसियो (Faith D'Aluisio) and retell facts from the story.को *वाट द वर्ल्ड इट्स* (*What the World Eats* ) **भन्ने** शीर्षक भएको अ-काल्पनिक पुस्तक जोडले पढेर कथामा भएको तथ्यहरूलाई पुनः भन्न लगाउन सकिन्छ। | • तपाईंको बालबालिकाहरूलाई पढ्नको लागि बढी चुनौती पूर्ण कथाहरू उपलब्ध गर्नुहोस्। अप्ठ्यारो ठाउँहरूमा कसरी अझ गहिरिएर जानुपर्छ भन्ने कुरालाई उनीहरूलाई देखाउनुहोस्। |
| • कुनै कथा लेख्ने वा पुनः भन्ने सन्दर्भमा, तपाईंको बालबालिकाले **<u>आफूले भनेको कुराहरूलाई समर्थन गर्न पाठबाट लिइएका "प्रमाण" हरूको प्रयोग गर्नेछ।</u>** | • तपाईंको बालबालिकालाई प्रमाणका रूपमा आएको पाठबाट ठोस उदाहरणहरू निकाल्न लगाउने लिखित कार्यहरू हेर्नुहोस्। प्रमाण भनेको कुनै प्रतिक्रिया वा निष्कर्षको समर्थनमा तपाईंको बच्चाले प्रयोग गर्न पुस्तकबाट निकालेको उदाहरणहरू हो। यो विगतमा प्रयोग गरिएको विचारात्मक प्रश्नहरू भन्दा बेग्लै हो। | • प्रत्येक दिनको छलफलहरु तथा असहमतिहरूमा तपाईंको बालबालिकालाई प्रमाण दिन लगाउनुहोस्। |
| • तपाईंको बालबालिकाहरूले **<u>उनीहरूले पढेको कुराबाट कसरी लेख्नु पर्छ भनेर सिक्नेछन्।</u>** | • तपाईंको बालबालिकाहरुलाई प्रमाणको प्रयोग गरी लिखित तर्क तयार गर्न लगाउने लेखनकार्यहरूको खोज गर्नुहोस्। चौथो तथा पाचौँ कक्षाको विद्यार्थीहरूका लागि *स्टिभ ओटफिनोस्की (*Steve Otfinoski*)* को अ-काल्पनिक पुस्तक, *द किड्स गाइड टू मनि (The Kid's Guide to Money*) बारे पठन तथा लेखन गर्दा पनि हुन सक्छ। | • घरमा लेख्ने कार्यलाई प्रोत्साहन दिनुहोस्। प्रमाण तथा विस्तृत विवरणहरूलाई प्रयोग गरी लेख्नुहोस्। |
| • तपाईंको बालबालिकाको **<u>शैक्षिक शब्दावलीमा वृद्धि</u>** हुनेछ। | • तपाईंको बालबालिकाहरूको शब्दावली विस्तार गर्ने तथा उनीहरूलाई "भाषा नै शक्ति हो" भन्ने कुरा सिकाउने कार्यहरूको खोज गर्नुहोस्। | • शिशुहरू, प्रि-स्कूलका नानीहरू तथा बालबालिकाहरूलाई निरन्तर पढेर सुनाउने गर्नुहोस्। |

# गणित

विद्यार्थीको पढ्ने र बुझ्ने प्रक्रियामा सुधार ल्याउन, राज्यको नयाँ साझा तथा मूल मापदण्डहरु पुरानो भन्दा फरक बनाइएको छ। यी परिवर्तनहरूलाई शिफ्ट भनिन्छ। तलको तालिकामा यी शिफ्ट अन्तर्गत के कुरामा हेरफेर भएको छ, तपाईंको बच्चाको झोला / ब्याकप्याकमा तपाईंले के कुरा देख्न सक्नु हुनेछ र तपाईंको बच्चालाई सहयोग गर्न तपाईंले के गर्न सक्नुहुन्छ भन्ने कुराहरू देखाइएको छ। फेरी,यदि तपाईंको बच्चाको कार्यहरू शिफ्ट अनुरूप देखिएन भने, तपाईंको बच्चाको शिक्षकसँग कुरा गर्नुहोस्।

| के परिवर्तन हुँदैछ? | ब्याकप्याकमा के हेर्नु पर्छ? | तपाईंले के गर्न सक्नुहुन्छ? |
|---|---|---|
| • तपाईंको बालबालिकाले **थोरै विषयहरूमा धैरै गहिरिएर काम गर्नेछ,** जसबाट पूर्ण रुपले बुझेको सुनिश्चित हुनेछ। (कम भनेको बेसी हो!) | • बिद्यार्थीहरुलाई आफ्नो कार्य देखाउन बाध्य तुल्याओस र उनीहरुले उत्तर कसरी निकाल भनी ब्याख्या गर्नुपर्ने आवस्यक गृहकार्यहरुको खोज गर्नुहोस्। | • कक्षाको स्तर अनुरुप तपाईको बालबालिकालाई कुन अवधारणाहरू महत्त्वपूर्ण छ भनेर बुझ्नुहोस् र उक्त अवधारणाहरूमा आधारित कार्यहरुमा समय दिनुहोस्। |
| • तपाईंको बच्चाले एउटा बलियो जगबाट शुरु गर्दै **सालै पिछे नयाँ कुराहरू सिक्दै जानेछ।** | • एक माथि अर्को गर्दै अगाडि बढ्ने कार्यहरू हेर्नुहोस्। उदाहरणको लागि, विद्यार्थीहरू जोड, घटाउ, गुणा तथा भागमा केन्द्रित रहने छन्। यी कुराहरूमा सिपालु भएपछि, उनीहरूले भिन्न अंकमा ध्यान केन्द्रित गर्नेछन्। त्यसको आधारमा अगाडि बढ्दै, उनीहरूले बीजगणितमा ध्यान लगाउनेछन्। उनीहरूले सिकेको विषयहरूमा उनीहरूको प्रगति तपाईंले थाहा पाउन सक्नु पर्नेछ। | • गत वर्ष तपाईंको बालबालिकालाई कुन कुन अवधारणाहरूमा बढी गाह्रो परेको थियो भनी अवगत हुनुहोस् र उनीहरुलाई अग्रसर गर्न यी चुनौतीपूर्ण क्षेत्रहरुमा आवस्यक सहयोग गर्नुहोस्। |
| • तपाईंको बालबालिकाले **गणित तथ्यहरूको अभ्यास तथा कण्ठ गर्नमा समय दिनेछ।** | • तपाईंको बालबालिकालाई गणित तथ्यहरू जस्तै, २० सम्मको जोड समूह वा गुणन तालिका आदिमा सिपालु हुन लगाउने कार्यहरू हेर्नुहोस्।<br>• | • तपाईंको बालबालिकालाई आधारभूत गणित तथ्यहरू सिक्न र कण्ठ गर्न सहयोग गर्नुहोस्। तपाईंको बालबालिकालाई दैनिक जीवनमा आइ पर्ने"गणित गर्न" लगाउनुहोस्। |
| • तपाईंको बालबालिकाहरूले **गणित किन काम गर्छ भन्ने बुझ्नेछन् र उनीहरूको बुझाइको बारेमा कुरा गर्न र प्रमाण दिन लगाइन्छन्।** | • तपाईंको बालबालिकाहरूलाई उनीहरूको गणीतीय सोच देखाउन वा बुझाउन लगाउने कार्यहरू गर्न र उनीहरूको विचारमा किन उनीहरूको उत्तर सही हो भन्ने लाग्छ, त्यो बताउन लगाइन्छ। | • तपाईंको बालबालिकाहरूसँग उनीहरूको गणित गृहकार्य बारे कुरा गर्नुहोस् र उनीहरुलाई नयाँ अवधारणाहरू सिकाउन लगाउनुहोस्। उनीहरूको सोचाइ अरुलाई पनि बुझाउने तरिका निकाल्न उनीहरूलाई सहयोग गर्नुहोस्। |

| | | |
|---|---|---|
| • तपाईंको बालबालिकालाई अब **<u>वास्तविक जीवनको स्थितिहरूमा गणितको प्रयोग गर्न लगाइने छ।</u>** | • वास्तविक जीवनमा आधारित गणितकार्यहरू हेर्नुहोस्। उदाहरणको लागि, पाचौं कक्षाको विद्यार्थीहरूको गृहकार्यमा मिष्टान्न व्यञ्जनको एउटा भागको रूपमा भिन्न अंकहरू जोड्ने वा भिन्न अंकहरूका आधारमा साथीहरूले कतिवटा पिजा खाए, त्यो पत्ता लगाउने कुराहरू पर्न सक्छ। | • तपाईंको बच्चालाई सधैं घरमागणित अभ्यास गर्ने समय दिनुहोस्। |

## तपाईंको बालबालिकाको शिक्षकसँग कुरा गर्ने

तपाईको बालबालिकाको शिक्षकसंग कुरा गर्दा त्यस वार्तालापलाई तपाईको बालबालिका सम्बन्धि सबै भन्दा महत्वपूर्ण बिषयहरुमा केन्द्रित गर्नुहोस्। यस वार्तालापको मूल भाव भनेको कक्षाको मापदण्ड र अपेक्षाहरुमा आधारित आफ्नो बालबालिकाको प्रदर्शन कस्तो छ भनी शिक्षक समक्ष जिज्ञासा र सोधपुछ गर्नु हो।

साथै, तपाईंको बालबालिकाले गरेको कार्यको नमुना हेर्न माग्नुहोस्। तपाईंको बालबालिकाको नमुना कार्यलाई http://www.engageny.org/resource/new-york-state-common-core-sample-questions मा पाइने नमुनासँग तुलना गर्नुहोस्। साथै, उक्त नमुनाहरूलाई तपाईंको बच्चाको शिक्षक कहाँ लगेर शिक्षकलाई नमुनाहरू कक्षामा कसरी प्रयोग गरिन्छ भन्ने सोध्न सङ्कोच नमान्नुहोस्।

यस जानकारीले तपाईंको बच्चालाई कक्षामा सफलता हासिल गर्न सहयोग गर्ने महत्त्वपूर्ण समायोजनहरू गर्न घरमा तपाईंलाई सक्षम पार्नेछ।

थप जानकारीका लागि, कृपया हेर्नुहोस्: ***www.engageny.org*** वा तपाईंको स्थानीय प्रधानाध्यापक वा अधीक्षकलाई सम्पर्क गर्नुहोस्।